आकाशवाणी

November 11th, 2024 Monday

प्रमुख समाचार:

- झारखण्ड विधानसभा चुनावको पहिलो चरणको प्रचार आज साँझ समाप्त
- महाराष्ट्र विधानसभा चुनावको प्रचार चरम उत्कर्षमा
- आज सारा विश्व भारतीय युवाहरूको क्षमताप्रति आकर्षित भइरहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
- न्यायमूर्ति श्री सञ्जीव खन्नाद्वारा भारतको 51 औं प्रधानन्यायधीशको रूपमा शपथ ग्रहण
- अनि बिहारको राजगीरमा महिला एसियन हक्की च्याम्पियन्स ट्रफी २०२४ सुरु

Jharkhand Election

झारखण्डमा विधानसभा चुनावको पहिलो चरणको प्रचार आज साँझ समाप्त भयो। यस चरणमा यही महिनाको 13 तारिक 43 निर्वाचन क्षेत्रमा मतदान हुँदैछ । भाजपाका वरिष्ठ नेता र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज झारखण्डमा 'मेरा बूथ सबसे मजबूत' अभियान अन्तर्गत पार्टी कार्यकर्ताहरूसँग कुराकानी गर्नुभयो। श्री मोदीले झारखण्डको द्रुत विकासका लागि डबल इन्जिन सरकार आवश्यक रहेको बताउनुभयो। अर्कोतर्फ, झारखण्ड मुक्ति मोर्चाका वरिष्ठ नेता र मुख्यमन्त्री श्री हेमन्त सोरेनले हुसैनाबाद, पलामुमा चुनावी र्‍यालीलाई सम्बोधन गर्दै एनडीए सरकारले राज्यका धेरै महत्वाकांक्षी परियोजनाहरू रोकेको आरोप लगाउनुभयो। यसैबीच आजदेखि मतदान केन्द्रमा मतदान कर्मचारी पठाइँदैछ ।

## Maharashtra Election

महाराष्ट्रमा पनि विधानसभा चुनावको प्रचार चरम उत्कर्षमा छ। केन्द्रीय मन्त्री तथा भाजपा नेता श्री नितिन गडकरीले आज नागपुरमा चार रैलीलाई सम्बोधन गर्नुभयो। महाराष्ट्रका मुख्यमन्त्री तथा शिवसेना नेता श्री एकनाथ शिन्दे अनि उपमुख्यमन्त्री तथा बीजेपी नेता श्री देवेन्द्र फडणवीस पनि चुनावी अभियान सहभागी हुनुभयो।

## By Election

आसामको पाँच विधानसभा सीटको उपचुनावको प्रचार आज साँझ समाप्त भयो। कुल ३४ उम्मेदवार चुनावी मैदानमा छन्। यसबाहेक, केरलाको वायनाड संसदीय र चेलाक्कारा आरक्षित विधानसभा क्षेत्रहरूमा उपचुनावको प्रचार आज साँझ समाप्त भयो। वायनाड र चेलाक्कारा दुबै निर्वाचन क्षेत्रमा यसै महिनाको 13 तारिक मतदान हुनेछन्, जबकि पलक्कड विधानसभा क्षेत्रको उपचुनाव नोभेम्बर 20 मा हुनेछ। मतगणना नोभेम्बर २३ मा हुनेछ।

## PM Swami Narayan Temple

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज सारा विश्व भारतीय युवाको क्षमताप्रति आकर्षित भइरहेको बताउनुभएको छ। श्री मोदीले विश्वका अधिकांश नेताहरूले आज दक्ष जनशक्ति - भारतीय युवाहरूले आफ्नो देशमा काम गर्ने अपेक्षा गर्छन् भन्नुभयो। श्री मोदी आज बिहान गुजरातको वडतालमा रहेको श्री स्वामीनारायण मन्दिरको 200 औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। उहाँले भारतीय युवाहरूको विश्वव्यापी माग अझै बढ्ने बताउनुभयो। यस अवसरमा सरकारले दुई सय रुपैयाँको चाँदीको सिक्का र स्मृति चिन्ह जारी गरिएको छ।

Amit Shah  - Projects

केन्द्रीय गृहमन्त्री श्री अमित शाहको नेतृत्वमा रहेको उच्चस्तरीय समितिले छत्तीसगढ, ओडिशा र पश्चिम बंगालका लागि करिब ७२६ करोड रुपैयाँको तीन परियोजनालाई स्वीकृत गरेको छ। यी परियोजनाहरू राज्यहरूमा अग्नि सेवाको विस्तार र आधुनिकीकरणको भागको रूपमा स्वीकृत गरिएको हो। गृह मन्त्रालयको कथन अनुसार, यसमा छत्तीसगढका लागि करिब १४८ करोड, ओडिशाका लागि २०१ करोड र पश्चिम बंगालका लागि करिब ३७७ करोडको परियोजनाहरू समावेश छन्।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

S. Jaishankar India- Russia

विदेशमन्त्री डा एस. जयशंकरले भारत र रुसबीचको व्यापारिक सम्बन्धलाई मजबुत बनाउनुपर्नेमा जोड दिनुभएको छ। उहाँ मुम्बईमा भारत-रसिया व्यापार मञ्चमा सम्बोधन गर्दै हुनुहुन्थ्यो। सो अवसरमा रुसका प्रथम उपप्रधानमन्त्री श्री डेनिस मान्तुरोभ र अन्य विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो । डा जयशंकरले अहिले दुई देशबीच ६६ अर्ब डलरको व्यापार भएको बताउनुभयो । उहाँले  सन् २०३० सम्ममा एक सय अर्ब डलरको आँकडा पार गर्ने विश्वास व्यक्त गर्नुभयो ।

IIFT- Convocation

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलले भारतीय विदेश व्यापार संस्थान-IIFT को नयाँ क्याम्पस चाँडै दुबईमा खोलिने घोषणा गर्नुभएको छ। आज नयाँ दिल्लीमा संस्थानको 57 औं दीक्षान्त समारोहमा आफ्नो भर्चुअल सम्बोधनमा श्री गोयलले भारतको उज्ज्वल भविष्यका लागि युवा स्नातकहरूको महत्त्वपूर्ण भूमिकामा जोड दिनुभयो।

SC – CJ Sanjay Khanna

न्यायमूर्ति श्री सञ्जीव खन्नाले आज भारतको ५१औँ प्रधानन्यायाधीशको रुपमा शपथ लिनुभएको छ। राष्ट्रपति भवनमा आयोजित एक समारोहमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले उहाँलाई प्रधानन्यायाधीशको शपथ गराउनुभएको हो। न्यायमूर्ति श्री सञ्जीव खन्ना हिजो अवकाश लिनुभएका न्यायाधीश डी.वाई. चन्द्रचुडको स्थान ग्रहण गर्नुभएको हो। कार्यक्रममा उपराष्ट्रपति श्री जगदीप धनखर, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, धेरै केन्द्रीय मन्त्रीहरू र सर्वोच्च अदालतका न्यायाधीशहरू र अन्य उपस्थित हुनुहुन्थ्यो।

COP-29

संयुक्त राष्ट्र संघको वार्षिक जलवायु परिवर्तन सम्मेलन COP-29 आज अजरबैजानको बाकुमा सुरु भएको छ । दुई हप्तासम्म चल्ने यस कार्यक्रम जलवायु परिवर्तनबाट प्रभावित र जोखिममा रहेका देशहरूका लागि नयाँ जलवायु वित्त लक्ष्यहरू प्राप्त गर्नमा केन्द्रित हुनेछ।

IFFI- Goa

भारतको अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको ५५औँ संस्करण- IFFI नोभेम्बर २० देखि गोवामा सुरु हुँदैछ। आज नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा सूचना तथा प्रसारण राज्यमन्त्री डा एल.

मुरुगनले  यो विश्वकै सबैभन्दा ठूलो चलचित्र महोत्सवमध्ये एक हो भन्नुभयो । उहाँले देशको अर्थतन्त्रमा भारतीय चलचित्रको ठूलो भूमिका रहेको बताउनुभयो। सूचना तथा प्रसारण मन्त्रालयका सचिव श्री सञ्जय जाजुले यो वर्ष युवा चलचित्रकर्मीमाथि मुख्य जोड दिइने बताउनुभयो। महोत्सवका लागि ८१ देशका १८० भन्दा बढी अन्तर्राष्ट्रिय चलचित्र छनोट भएका छन् ।

Leh Conclave

लद्दाखको सूचना तथा जनसम्पर्क विभागले आज लेहमा एकदिवसीय हिमालयन लेखक सम्मेलन आयोजना गरेको छ । यस कार्यक्रमको उद्देश्य हिमालयन राज्यका सबै लेखक र विद्वानहरूलाई साझा मञ्च प्रदान गर्नु थियो।

Sharjah Book Fair - NBT

नेशनल बुक ट्रस्ट-एनबीटीले ४३ औं शारजाह अन्तर्राष्ट्रिय पुस्तक मेलामा भारतीय संविधानको मौलिक हस्तलिखित पाण्डुलिपिको प्रतिष्ठित प्रतिकृति प्रदर्शन गरेको छ। नोभेम्बर ६ देखि १७ सम्म चल्ने पुस्तक मेलामा भारतीय साहित्यको व्यापक प्रदर्शनी गरिएको छ ।  शारजाह पुस्तक मेलामा भारतका ५२ प्रमुख प्रकाशकहरू सहभागी छन्।  विदेशबाट भाग लिने सबैभन्दा बढी 81 प्रकाशकहरू बेलायतका हुन्।  पुस्तक मेलामा १४ देशका ४९ अन्तर्राष्ट्रिय वक्तासहित धेरै प्रतिष्ठित साहित्यकारहरुको सहभागिता रहेको छ। यस वर्ष मोरक्को अतिथि राष्ट्र हो।

Bihar – Hockey Inauguration

बिहारको राजगीरमा आज महिला एसियन हक्की च्याम्पियन्स ट्रफी २०२४ को औपचारिक सुभारम्भ भएको छ। यसैबीच, महिला एसियन हक्की च्याम्पियनसिपमा वर्तमान च्याम्पियन भारतले मलेसियाको सामना गर्दैछ।  यसअघि आज दिउँसो उद्घाटन खेलमा जापान र दक्षिण कोरियाले २–२ गोलको रोमाञ्चक खेल प्रदर्शन गरेका थिए ।  दोस्रो खेलमा चीनले थाइल्याण्डलाई पराजित गरेको थियो। बिहारमा पहिलो पटक सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय खेलकुद योजना भइरहेको छ।

अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- झारखण्ड विधानसभा चुनावको पहिलो चरणको प्रचार आज साँझ समाप्त
- महाराष्ट्र विधानसभा चुनावको प्रचार चरम उत्कर्षमा
- आज सारा विश्व भारतीय युवाहरूको क्षमताप्रति आकर्षित भइरहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
- न्यायमूर्ति श्री सञ्जीव खन्नाद्वारा भारतको 51 औं प्रधानन्यायाधीशको रूपमा शपथ ग्रहण
- अनि बिहारको राजगीरमा महिला एसियन हक्की च्याम्पियन्स ट्रफी २०२४ सुरु

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।